नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय

*<u>उत्तर पूस्तिका छपाई गर्ने सम्बन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सुचना</u>*
(प्रथम पटक प्रकाशित मितिः २०७१/०१/०८ )

यस बैंकको केन्द्रीय कार्यालयको लागि आवश्यक पर्ने उत्तर पूस्तिका छपाई गरी आपुर्ति गर्न ईच्छूक रजिष्टर्ड फर्म/प्रेश/कम्पनीहरुबाट दरभाउपत्र आव्हान गरिएको छ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन)अपरान्ह ४.०० बजेसम्म दरभाउपत्र फाराम सामान्य सेवा बिभागको आन्तरिक प्रशासन फाँटबाट रु.५००।०० तिरी (पछि फिर्ता नहुने) खरिद गर्न सकिनेछ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) मध्यान्ह १२.०० बजे भित्र सामान्य सेवा बिभागमा पेश गरिसक्नु पर्नेछ । प्राप्त हुन आएका दरभाउपत्रहरु सोही दिन अपरान्ह २.३० बजे खोलिनेछ ।

दरभाउपत्रदाताले दरभाउपत्रका साथ जमानत वापत आफूले कबोल गरेको रकमको पाँच प्रतिशतले हुने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथलीस्थित खाता नं.११०९९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको कम्तिमा यो दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ६० दिनको मान्य अवधि भएको बैंक जमानतपत्र संलग्न हुनु पर्नेछ । दरभाउपत्र सम्बन्धी अन्य शर्त तथा विवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । साथै, यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

सामान्य सेवा विभाग
बालुवाटार